Funded by
the European Union

# न्यूजलेटर

अङ्क ४ | जुलाई २०२१



# सुशासनमा नागरिक सहभागिता कार्यक्रम

Dalit Development Society (DDS) 2058 Sahutol, Salyan

INDIVIDUALL MÄNNISKOHJÄLP
SWEDISH DEVELOPMENT PARTNER

Terre des hommes
Helping children worldwide.

# परियोजनाको बारेमा

*सुशासनमा नागरिक सहभागिता कार्यक्रमले स्थानीय र प्रादेशिक सरकारको सुशासनमा नागरिकको सहभागितालाई अभिवृद्धि गर्नका लागि कर्णाली प्रदेशको ३ जिल्लाहरू जाजरकोट, कालिकोट र सल्यानका १२ वटा पालिकाहरूमा काम गर्दछ । यूरोपियन यूनियनको आर्थिक सहयोगमा यो परियोजना सन् २०१९ देखि पाँच वटा राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरूको कन्सोंटियममा संचालित छ ।*

*यो परियोजनाको समयावधि चार वर्ष रहेको छ र कूल बजेट रु. १२ करोड ६४ लाख (१,१०८,८९० यूरो) रहेको छ । सहकर्मी समाज, कोहलपुर, बाँकेले यो परियोजनाको नेतृत्व गर्दछ भने जाजरकोट र कालिकोट जिल्लामा कार्यक्रम कार्यान्वयन गर्ने काम पनि गर्दछ ।*

*दलित विकास समाजले सल्यान जिल्लामा कार्यक्रम कार्यान्यवन गर्ने काम गर्दछ । दलित महिला केन्द्र नेपालले लैगिंक उत्तरदायी र समावेशी योजना निर्माण, बजेट विनियोजन, कार्यान्वयन तथा अनुगमन सम्बन्धि परियोजना संचालित पालिकाहरूमा स्थानीय सरकारको क्षमता अभिवृद्धि गर्ने काम गर्दछ । त्यसैगरि, आई.एम. स्विडिस डेभलपमेन्ट पार्टनरले कन्सोंटियम सदस्यहरूलाई मानवअधिकारमूखि पद्धति, लैगिंक समानता र सामाजिक समावेशिकरण, शिक्षा र कृषि सम्बन्धि विषयगत सहयोग र द्धन्द्ध संवेदनशिल तथा वातावरण सम्बन्धि मुद्दालाई परियोजनामा मूलप्रवाहिकरण गर्न क्षमता विकास तथा सहयोग गर्दछ ।*

*तेर दे जोमूले स्वास्थ्य, खानेपानी तथा सरसफाई र यूवा सम्बन्धि विषयगत क्षेत्रहरूमा कन्सोंटियम सदस्यहरूलाई क्षमता विकास तथा सहयोग गर्नुका साथै सुशासनको लागि पालिकाहरूमा सुचना प्रविधिको स्थापना र विस्तार सम्बन्धि कार्यक्रम पनि कार्यान्वयन गर्ने गर्दछ । यसका साथै आई.एम. स्विडिस डेभलपमेन्ट पार्टनर र तेर दे जोमूले परियोजनाको कुल बजेटमा ५-५ % को फाईनान्सिंग पनि गर्दछ ।*

**नेतृत्वः सहकर्मी समाज**

ठेगाना : कोहलपुर नगरपालिका-१० बाँके
फोन नं : +९७७-८१-५४००९९/५४०९९९
वेवसाईटः sahakarmi.org.np
ईमेल : info.kohalpur@sahakarmi.org.np

**सह–नेतृत्व : दलित विकास समाज**

ठेगाना : शारदा नगरपालिका-४, सल्यान
फोन नं : +९७७-०८८-५२००५१/३७७
वेवसाईटः ddssalyan.org.np
ईमेल : ddssalyan@gmail.com

**सह–नेतृत्व : दलित महिला केन्द्र नेपाल**

ठेगाना : नयाँ बानेश्वर-१०, काठमाण्डौं
फोन नं : +९७७-०१-४४२५६९४
वेवसाईटः cdwn.org
ईमेल : info@cdwn.org


**सह–नेतृत्व : आईएम स्विडिस डेभलपमेन्ट पार्टनर**

ठेगाना : बखुण्डोल-३, ललितपुर
फोन नं. : +९७७-०१-५४५१४१९
वेवसाईटः imsweden.org

**सह–नेतृत्व : तेर दे जोम् (टि.डि.एच्.)**

ठेगाना : ब्लू वर्ड कमप्लेक्स-काठमाण्डौ
फोन नं. : +९७७-०१-४१००६२२
वेवसाईटः tdh.ch/en/our-interventions/nepal

# परियोजनाको कार्यक्षेत्र




## जिल्ला तथा पालिकाहरु:

**जाजरकोट** : भेरी, शिवालय, जुनीचाँदे र छेड्गाड पालिकाहरू
**कालिकोट** : खाँडाचक्र, नरहरिनाथ र सान्नीत्रिवेणी पालिकाहरू
**सल्यान** : सिद्धकुमाख, कपुरकोट, त्रिवेणी, कालिमाटी र दार्मा पालिकाहरू

# परिवर्तनका कथाहरू

## रस्मिताको नेतृत्वमा वडामा प्रस्तावना पत्र पेश



*महिलाहरुको घरेलु लघुउद्यमी हाते होजियारी सम्वन्धि सीप तथा क्षमता अभिवृद्धिका लागि तालिम आयोजनाको प्रस्तावना वडा कार्यालयमा वुझाउँदै रस्मिता खड्का।*

रस्मिता खड्का जुनीचाँदे गाउँपालिका वडा नं ३, जाजरकोटमा गठित जनचेतना कृषक समुहकी सदस्य हुन्। सहकर्मी समाजको सहजीकरणमा २०७६ सालमा गठन भएको यस समूहमा जम्मा ३१ जना महिलाहरू आवद्ध छन्। यी समूहहरूमा समूह सशक्तिकरणको लागि सहकर्मी समाजले सुशासनका विभिन्न विषयवस्तुहरूमा छलफल, अन्तरक्रिया र तालिमहरू गर्दै आएको छ।

महिलाहरूको घरेलु लघुउद्यमी हाते होजियारी सम्वन्धि सीप तथा क्षमता अभिवृद्धिका लागि तालिम आयोजनाको प्रस्तावना वडा कार्यालयमा वुझाउँदै रस्मिता खड्का।

आ.ब. २०७८।७९ को योजना तर्जुमालाई सहभागितामूलक बनाउनका लागी २०७८ वैशाखमा जाजरकोटको ४ वटा पालिकाहरूमा गठन भएका जम्मा २२ वटा समूहको प्रतिनिधित्व गराई योजना तर्जुमाका ७ चरणको वारेमा अभिमुखीकरण गर्ने काम सहकर्मी समाज द्वारा सम्पन्न भएको थियो। दुई दिने प्रस्तावना तथा प्रतिवेदन लेखन तालिम पनि सोही सहभागीहरूलाई संचलान गरिएको थियो। ति कार्यक्रमहरूमा रस्मिता पनि सहभागी हुनु भएको थियो। विशेष गरेर उक्त कार्यक्रमहरूमा योजना तर्जुमा भनेको के हो ? नेपालको संविधान २०७२ मा योजना तर्जुमा वारे के-के व्यवस्था गरेको छ ? पालिकाको भूमिका के हुन्छ ? नागरिकको भूमिका के हुन्छ ? आफूले भोक्दै आएको समस्यामा कसरी प्रस्ताव तयार पारी पालिकामा दिन सकिन्छ भन्ने बारेमा अभ्यास समेत भयो।

तालिमको दौरानमा सबै समुहहरूले यसपटकको योजना तर्जुमामा सक्रीय रुपमा भाग लिने र आ-आफ्नो समुहमा गएर टोलको जल्दोबल्दो समस्यामा प्रस्ताव तयार गरि वडामा पेश गर्ने सामुहिक योजना वनाए। योजना अनुरुप रस्मिताले पनि आफ्नो समुहमा गएर समुहको वैठक बसाली घरेलु लघुउद्यमी हाते होजियारी सम्बन्धि सीप तथा क्षमता अभिवृद्धिका लागी तालिम माग गर्ने प्रस्तावना तयार पार्नु भयो। यसमा समूहका सबै सदस्यहरूले सहयोग गरे। योजना तर्जूमाका बेला आफुहरूलाई पत्र काटेर बोलाई दिने निवेदन र तालिम मागको प्रस्ताव लिएर २०७८ जेठ १ गते रस्मिताको नेतृत्वमा समुहका ४ जना महिलाहरूले जुनीचाँदे गाउँपालिका वडा नं ३ को वडा कार्यालयमा गएर कागजात वुझाए। अन्य समुहहरूका सदस्यहरूले पनि यस्तै प्रस्ताव तयार गरी आफ्नो वडा कार्यालयमा बुझाउन थालेका छन। वडा नं ३ का वडा अध्यक्ष राम वहादुर रावतले भने “आजसम्म गाउँबाट यसरी कहिल्यै पनि योजनाका लागी लिखित प्रस्ताव आएको थिएन। यसरी लिखित रुपमा माग राख्दा मलाई खुसी लागेको छ” भन्दै यसलाई सकारात्मक कदम बताएका छन्।

# वर्थिङ्ग सेन्टरमा रातमा पनि स्वाथ्यकर्मी भेटीन थाले



सिद्ध कुमाख गाँउपालिका वडा नं. ५ गुईदे सल्यानमा रहेको जनचेतना सामुदायिक समूह २०७६ असार ६ गते स्थापना भएको हो । सुशासनमा नागरिक सहभागिता कार्यक्रम संचालनमा आए पश्चात यहाँ सरकारले संचालन गर्ने जुनसुकै क्रियाकलापलाई समावेशी, पारदर्शि र जवाफदेहि बनाउनका लागि नागरिकहरूलाई सशक्त बनाउनुका साथै स्थानीय सरकारले सुशासनको प्रत्याभूतिको लागि निर्वाह गर्नु पर्ने भूमिकाको सवालमा सचेतीकरण गर्ने काम भईरहेको छ ।

नागरिकहरूले पनि विस्तारै सुशासनको प्रत्याभूतिका लागि आवाज उठाउन थालेका छन् । जसको उदाहरणको रुपमा चौबिसै घण्टा चाँदेकरेञ्जी स्वास्थ्य चौकीको वर्थिङ्ग सेन्टरबाट सेवा प्राप्त हुन लागेको कार्यलाई लिन सकिन्छ ।

यस गाउँमा जनचेतना सामुदायिक समुह गठन भई क्रियाशिल हुनु अघि विभिन्न खालका समूहमा बस्ने गरेकी लालमति बोहराको भनाई अनुसार समूहमा बस्दा बचत गर्ने र ऋण लगानी गर्ने भन्दा अर्को काम केहि गरिएन । हामीलाई समूहले गर्ने काम भनेको ऋण लगानी र बचत मात्र हो जस्तो लाग्थ्यो । समूहले गर्ने क्रियाकलापबारे सिमित जानकारी मात्र भएकोले सबै संस्था आउदा ऋणको कारोबार त गर्ने होला भन्ने लाग्थ्यो र स्थानीय सरकारले गर्ने काम काजमा हाम्रो भूमिका के हो, कर्तव्य अधिकार के हो भन्ने विषयमा कुनै चासो लाग्दैन थियो । योजना आए पनि हामीले गरेर के हुन्छ र भन्ने, गाँउ घरमा एकआपसमा कुरा काट्ने भन्दा अर्को काम हुदैन थियो । यसकारण हामी सधै पछाडि परिरहने अवस्था थियो ।



*वर्थिङ्ग सेन्टर, चाँदेकरेञ्जी स्वास्थ्य चौकी*

जब हामी यो जनचेतना समूहमा आवद्ध भएर सुशासनका विषयमा छलफल गर्न थाल्यौ त्यस पछि हामीलाई थाहा भयो कि स्थानीय सरकारको कामकाज र दायित्व के हो र हाम्रो काम, कर्तव्य, अधिकार के हो । समूहको प्रत्येक बैठकमा हाम्रै समुदायमा दैनिक रुपमा संचालन हुने क्रियाकलाप तथा समस्याहरूको विषयमा छलफल हुन थाल्यो ।



*कल्पना बोहरा छोरी स्वस्तीकासंग*

एक दिनको बैठकमा स्वास्थ्य चौकीमा पाउने औषधी र सेवाको बारेमा जानकारी भयो । घरमा बुहारी कल्पना बोहरा सुत्केरी हुने अवस्थामा भएको हुँदा लालमतीलाई स्वास्थ्य सेवाको विषयमा चासो जाग्यो । उनलाई थाहा भयो कि बर्थिङ सेन्टरबाट २४ सै घण्टा सुत्केरी सेवा प्राप्त गर्न सकिन्छ । उनी भन्छिन, त्यस दिनको छलफलमा मैले ध्यान दिएर सुनेकी थिए किनकी घरमा सुत्केरी हुने अवस्थाकी बुहारी थिईन । केही समय पछि २०७७ मंसिर ८ मा जब बुहारीलाई सुत्केरी व्यथा सुरु भयो हामीले स्वास्थ्यचौकी चाँदेमा लिएर गयौं ।

रातीको ११ बजे स्वास्थ्य चौकी पुग्दा स्वास्थ्य चौकीको वर्थिङ्ग सेन्टरमा ताला लागेको देख्दा हामीलाई अनौठो लाग्यो र हामी वडा अध्यक्षकै घरमा गएर उहाँलाई बोलायौ र वर्थिङ्ग सेन्टर २४ सै घण्टा खुल्नु पर्ने हैन भनि सोध्यौं । वडा अध्यक्षले सबै कर्मचारीहरूलाई फोन गर्नु भयो तर कर्मचारी सबै टाढा हुनुहुंदो रहेछ । अनि गाउँपालिकामा उपाध्यक्षलाई पनि यो कुरा पुग्यो । त्यस पछि त्यहा सम्भव नभए गाउँपालिकाको एम्बुलेन्स पठाई दिन्छु खलंगा जानु होला भन्ने कुरा भयो तर एम्बुलेन्स नेपालगन्ज रहेछ । त्यो पनि सम्भव भएन अनि कार्यालय सहयोगीलाई बोलाई स्वास्थ्य चौकि राती ३ बजे खोलियो र भित्र आगो बाली बसियो ।

गाउँपालिकाको स्वास्थ्य संयोजकले पनि यो कुरा थाहा पाए पछि कर्मचारीलाई तुरुन्त जान अनुरोध गर्नुभयो । त्यस पछि भोली पल्ट विहान ९ बजे कर्मचारी अनिसा चलाउने आउनु भयो र चेक जाँच गर्ने काम भयो । सबै व्यवस्था मिलाई सके पछि दिउसो १ बजे सकुसल सुत्केरी भई कल्पनाले छोरी जन्माईन । यस घटना पश्चात स्थानीय जनप्रतिनिधी र कर्मचारीले अब यस्तो कहिल्यै नहुने र सधै सेवाग्राहीलाई सेवा प्रवाह गर्ने वचन दिनु भयो । त्यस दिन देखि चाँदेकरेञ्जी स्वास्थ्य चौकीको वर्थिङ्ग सेन्टरमा स्वास्थ्यकर्मी नियमित रुपमा वस्ने गर्न थालेका छन् र रातमा पनि स्वास्थ्यकर्मी भेटिन थालेका छन् । यस घटनाबाट, नागरिक सचेत भए र सोधखोज गरे सेवालाई प्रभावकारी बनाउन सकिने रहेछ भन्ने आत्मविश्वास जनचेतना सामुदायिक समुहका सदस्यहरूमा बृद्धि भएको छ ।

# लैङ्गिक समानता निमार्णमा जोड दिदै जनप्रतिनिधि

३१ वर्षीय कमला वि.क, वडा नं ५, कपूरकोट, सल्याण निवासी कार्यपालिका सदस्य हुनुहुन्छ। उहाँ भन्नु हुन्छ "दलित महिला केन्द्र नेपालले पहिले नै नेतृत्व विकास तालिम प्रदान गरेको भए हामी अझै बाठा हुने थियौ र टेबल वार्ता गर्न सक्षम हुने थियौ। सन् २०२० मा संस्थाले महिला जनप्रतिनिधिहरूको लागि प्रदान गरेको तीन दिने नेतृत्व विकास तालिमले धेरै नै सहयोग गरेको छ। अहिले म लगायत अन्य जनप्रतिनिधिहरू सवाल जवाफ गर्न सक्ने भएको छौं। अहिले म आफ्नो परिचय दिदा निसंकोच आफनो पढाई, गाउँ परिवेशलाई जोड्दै चिनाउन सक्छु र एक मुष्ट रुपमा कसरी अगाडि बढ्ने भनेर सोच्ने भएकी छु।

एक कृषक, एक महिला, एक व्यापारी र जनप्रतिनिधिको हैसियतले म समाजको नेतृत्व गर्न सक्दछु भन्ने आत्मविश्वास अझै मजबुत भएको छ। यसका साथै महिला पुरुषको लागि के गर्न र कस्ता योजना बनाउन सक्छौ भनि योजना तर्जूमा र बजेट निर्माण पत्रियाको हरेक चरणलाई म लैङ्गिक समानताको दृष्टिकोणले हेर्न थालेकी छु। "

जन प्रतिनिधि भए पश्चात कमलाले पालिकाको सामाजिक विकास समितिबाट तीन जना दलित समुदायका युवा युवतीहरूलाई बीस हजारको दरले शैक्षिक सामाग्री खरिद गर्नको लागि छात्रवृत्ति प्रदान तथा उत्कृष्ट विधार्थीहरूलाई सम्मान कार्यक्रमको आयोजना गर्न सफल हुनु भयो। उहाँ भन्नुहुन्छ, हाम्रा समुदायका बुबाहरू खुला आकाशमा घाम पानीमा विना पंखाको आरनमा काम गरिरहेको देख्दा साह्रै



नरमाईलो लाग्दथ्यो र केहि गर्न पर्दछ भन्ने भावना मनमा आउथ्यो।

दलित समुदायलाई लक्षित गरी २०७६ र २०७७ सालमा उहाँले दुई पटक आरन सुधारका लागि पन्ध्र हजारको दरले दशजना दलित परिवारलाई छाना र पङ्खा उपलब्ध गराउन सफल हुनुभयो। उहाँ जातीय विभेद र छुवाछुत अन्त्य गर्नुपर्दछ, पछाडि पारिएको र दलित समुदायको उत्थान गर्नुका साथै छोरा छोरी बराबर हुन् र छोरीलाई पनि उत्तिकै शिक्षा प्रदान गर्नु पर्दछ भनेर वकालत गर्दै आईरहनु भएको छ।

# सामुदायिक अंकपत्रले पहिचान गर्यो शौचालय



*गाउँघर क्लिनीक भवन, त्रिवेणी गाउँपालिका वडा नं. २*

सल्यान जिल्लामा पछाडि परेको वस्तीहरू मध्येको एक परिचित ठाउँ हो -त्रिवेणी गाउँपालिका वडा नं. २ को शंखपिपल, धनठाना, तिर्से र जुम्लेढुङ्गा टोल । यहाँका नागरिकहरूमा सरकारी सेवा सुविधा प्राप्त गर्ने विधि प्रक्रिया, कार्यान्वयन गर्ने तरिकाको बारेमा अनभिज्ञता रहेको थियो । सरकारी सेवा सुविधा लिन ठूलो पहुँच चाहिन्छ, नेता भएर मात्र यस्तो काम गर्न सकिन्छ, सर्वसाधारणको आवाज त कस्ले नै सुन्छ र भन्ने बुझाई भएका यस वस्तीका नागरिकहरू आफ्नै श्रम र मेहनतमा मात्र विश्वास गर्ने गर्दथे ।

कतैबाट कसैले योजना पारेमा पनि उक्त योजना कहाँबाट आयो, के कती परिमाणको हो र कस्का लागि हो भन्ने विषयमा पूर्ण जानकार नहुँदा पनि खासै गुनासो नगर्ने यहाँको चलन थियो । यहाँका बासिन्दामा नागरिकका हैसियतले प्राप्त गर्ने मौलिक हकका विषयमा जानकारी समेत नरहेको र विभिन्न सेवा प्रदान गर्ने सेवा प्रदायक निकायबाट नागरिकका लागि प्रदान गरिने सेवाको विषयमा पनि अनभिज्ञता थियो । जनचेतनाको कमिले गर्दा विषेश गरी महिला, दलित, जनजाती र बालबालिकाले विभिन्न प्रकारका समस्याहरू भोग्दै आउनु परेको थियो ।

सुशासनमा नागरिक सहभागिता कार्यक्रम संचालन भएपछि यस ठाउँमा २०७६ श्रावण ८ गते शारदा सामुदायिक संस्था गठन भयो । समूहको नियमित बैठकमा सदस्यहरूको क्षमता अभिवृद्धि गर्ने लगाएत विभिन्न विषय माथि छलफल हुने र कार्ययोजना निर्माण गर्ने काम हुन थाल्यो । समुदायका विभिन्न आवश्यताहरूको पहिचान हुने र प्राथमिकिकरण गर्ने क्रममा समूहले गर्भवती महिला र बालबालिकाको हितलाई मध्येनजर गरि गाउँपालिकासँग माग राखी आ.ब. २०७६/०७७ मा समूहकै सक्रियतामा गाउँघर क्लिनीक भवन निर्माण गरेर संचालनमा ल्यायो । जसले गर्दा वस्तीका महिलाहरूको गर्भवती चेक जाँच गर्न, बालबालिकालाई खोप दिन, बालबालिकाको मासिक बृद्धि अनुगमन गर्न र नियमित परामर्श लिन सहज भएको छ ।

भवन निर्माण पश्चात केही सहज भएता पनि यसरी नियमित रुपमा गर्भवती तथा सुत्केरी महिला र बालबालिका जम्मा हुने ठाउँमा शौचालय नहुँदा सेवाग्राही तथा सेवा प्रदायक सबैलाई असहज भएको थियो । समस्यालाई ध्यानमाराखी सोही भवनमा २०७७ पौष ३ गते खानेपानी तथा सरसफाई सम्बन्धि त्रिवेणी



*निर्माण सम्पन्न शौचालय*

गाँउपालिका वडा नं. २ को सामुदायिक अंकपत्र संचालन गरियो। सो कार्यक्रम संचालन गर्दा गाँउपालिकाबाट उपस्थित भएका जनप्रतिनिधी तथा कर्मचारीहरू समक्ष भवनमा शौचालन नहुँदा सबैले हैरानी बेहोर्नु परेको जनगुनासो नागरिकहरूले राखे। त्यसपछि सामुदायिक समुहले जनगुनासोलाई सम्बोधन गर्न उक्त भवनमा शौचालय बनाउन माग राख्यो।

सबैको प्राथमिकतामा पर्न आएपछि कार्यक्रमका सहभागि जनप्रतिनिधी र कर्मचारीहरूबाट शौचालय निर्माणका लागि प्रतिबद्धता भयो र त्रिवेणी गाँउपालिकाको हिउँदे सभाबाट प्रस्ताव पास गरि रु. ५० हजार बजेट विनियोजन गरी उपलब्ध गराउने काम भयो। यसरी गाउँपालिकाको आर्थिक सहयोग र समुदायको जनसहभागीताबाट शारदा सामुदायिक समुहले शौचालय निर्माण गर्न सफल भयो।

अहिले आएर शारदा सामुदायिक समूहका सदस्यहरूमा अधिकारमूखी पद्धतीबाट आफ्नो अधिकारलाई दावी गर्न र आफ्नो कर्तव्य पुरा गर्नुपर्छ भन्ने कुराको ज्ञान भएको छ। आफूहरूमा आयको परिवर्तन देखेर समूहकी अध्यक्ष कमला परियार भन्नुहुन्छ "कुनै पनि सफलताको पछाडि कसैको हात हुन्छ भने झै हाम्रो क्षमता विकास गरि यो गाउँघर क्लिनीक भवन र शौचालय बनाउने योजना प्राप्त गर्न सफलता दिलाउनुको पछाडि सुशासनमा नागरिक सहभागिता कार्यक्रम र दलित विकास समाज, सल्यानको ठुलो योगदान रहेको छ। अब आएर हामीहरू हाम्रो हक अधिकार के हो ? हाम्रो कर्तव्य के हो ? भन्ने कुरामा सचेत हुन थालेका छौ।"



खानेपानीको विषयमा जनचेतना सामुदायिक समूहको छलफल



मर्मत पछिको खानेपानी धारा

# समूहको प्रयासमा खानेपानी

सिद्ध कुमाख गाउँपालिका वडा नं. ५ गुईदे सल्यानका वासिन्दाहरूका लागि समूह भनेको लघुवित्तले वनाएका समूह मात्र हुन भन्ने बुझाई थियो । सुशासनका लागि नागरिक सहभागीता कार्यक्रम संचालनमा आए पश्चात २०७६ आषाढ ६ गते उक्त ठाउँमा जनचेतना सामुदायिक समूहको गठन भयो । समूहको गठन पश्चात नियमित रुपमा बैठक वस्ने र स्थानीय सरकारले संचालन गर्ने हरेक क्रियाकलापलाई समावेशी, पारदर्शि र जवाफदेही बनाउनका लागि नागरिकहरूलाई कसरी सशक्त बनाउने, स्थानीय सरकारसँग कसरी समधुर सम्बन्ध राख्ने विषयमा छलफल हुन थाल्यो ।

आफ्नै समुदायमा दैनिक रुपमा देखिएका समस्या र सवालको विषयमा पनि छलफल हुन थाल्यो । यस सँगसँगै शिक्षा, स्वास्थ्य, कृषि र खानेपानी तथा सरसफाई सम्बन्धि विषयमा पनि छलफल भयो र स्वास्थ्य चौकीबाट पाउने निशुल्क सेवा, निशुल्क तथा अनिवार्य शिक्षा जस्ता विषयमा छलफल हुन थाल्यो । विभिन्न खालका सवालमा छलफल गर्ने र समस्याको समाधान गर्दै जाने क्रममा एक दिन खानेपानी बिषयमा छलफल भयो र एक बर्ष अगाडि निर्माण भएको खानेपानीको अवस्था जिर्न भएको कुरा सबैले पहिचान गरे ।

एक आपसमा एकजुट भई काम नगर्ने, पानीको स्रोतलाई संरक्षण नगर्ने गर्दा सबैलाई समस्या भएकोले कहिले एक अर्कामा झगडा हुने कहिले पानिको पाईप लाईन काटिने, आफुमा मात्र खाउ भन्ने सोचका साथ एकले अर्काको कुरा नसुन्ने अवस्था भएको महशुस गरियो ।

त्यसपश्चात खानेपानीउपभोक्ता समितिको बैठक राखी बृहत्त छलफल सुरु भयो र सबै उपोभोक्ताले आफैले पिउने पानीलाई अरु कसैको भर नपरि आफै मर्मत गर्नु पर्छ भन्ने साझा निर्णय गरि मर्मतको कार्यलाई अगाडि बढाइयो । मर्मत कार्य सम्पन्न भए पश्चात अहिले सबैको टोलमा पिउने पानी निरन्तर आइरहेको छ । तर अझै भने जस्तो सबै मर्मत भएको छैन भन्दै समूहका अध्यक्ष लाल बहादुर बोहरा भन्छन ***"अब हामी यसलाई हाम्रै प्रयासमा पूर्णता दिने छौं । समूहको प्रयासबाट मर्मत संभार भई खानेपानी आपूर्तिमा सहज भएको छ । यस कार्यबाट वल्ल समुहमा वस्नुको महत्व बढेको छ ।"*** अहिले आएर हरेक सवालमा समूहमा छलफल हुन थालेको छ ।



# वडाको सहयोगमा कार्यालय व्यवस्थापन

छेडागाड नगरपालिका वडा नं २ को रु ३०,००० वरावरको आर्थिक सहयोगबाट प्रगति मूलसमितिको कार्यालय व्यवस्थापनमा सहजता आएको छ। प्रगति मूलसमिति छेडागाड नगरपालिका वडा नं दुईमा गठित मूलसमिति हो। यो मूलसमिति २०७३ सालमा स्थापना भएको हो। यस मुलसमितिमा १८ वटा सामुदायिक समुहहरू आवद्ध रहेका छन। यो मूलसमिति पश्चिम जाजरकोट विकास समाज अन्तरगतको एउटा मूलसमिति हो। मुल समिति स्थापना भएको लामो समय भए पनि आर्थिक अभाव र अन्य ज्ञानसीपका कारण मूलसमिति संस्थागत हुन सकेन।

एउटा बाकसमा कार्यालय व्यवस्थापनका सामाग्री राखेर घरघरमा डुलाउदै तीन चार वर्ष विते। मूलसमितिमा श्रोत नहुदा कार्यालय संचालनमा धौ धौ भएको र सदस्यहरू पनि निस्क्रिय हुदै गएको थियो। न त बैठक बस्ने ठाउँ न त कार्यालय व्यवस्थापन यस्तै कुराले समितिमा समस्या आएकै बखत २०७६ सालको बिच तीर सहकर्मी समाजले सुशासनमा नागरिक सहभागीता कार्यक्रम लागु गर्यो।

उक्त कार्यक्रमले अवस्थीत समुहहरूलाइ नै सहकार्य गरि अगाडि बढ्ने निर्णय गर्यो। तत्पश्चात्त मूलसमितिको नियमित बैठक बस्ने र विभिन्न उपाय माथि छलफल गर्ने क्रममा वडापालिकासंग बैठक घर व्यवस्थापनका लागी माग राख्ने योजना वन्यो।

आ.व. २०७६।७७ को वजेट तर्जुमाको वेलामा वडासँग सहयोग माग गरे पनि सो वर्ष सहयोग प्राप्त हुन सकेन। तर सामुदायिक मुलसमितिको समुदायमा सक्रिय भूमिका देखेर वडा कार्यालयले आ.व. ०७६।७७ को वजेटमा रु ३०,००० रकम छुट्याईदियो। वडाले वजेटको व्यवस्थापन गरि दिएपछि मूलसमितिले पनि कोठाको व्यवस्थापन र कुर्सी, दराज लगायतका कार्यालय प्रयोजनका सामानहरू खरिद गर्‍यो। यस रकमले मूलसमितिको कार्यालय व्यवस्थापनमा टेवा पुर्‍यायो।

अहिले कार्यालय संचालमा धेरै सहयोग भएको कुरा मुलसमितिका अध्यक्ष वलवीर रावत बताउँनु हुन्छ। उहाँ भन्नुहुन्छन " शुन्यबाट सुरु गरेको हाम्रो कार्यालय अहिले त धेरै माथि आई सकेको छ अझै धेरै गर्नु छ।"





# बेमौसमी तरकारी खेतीबाट आम्दानी

बेमौसमी तरकारीखेतीबाट दुई महिनामा रु.१५००० सम्म आम्दानी गरी दैनिक जीवन यापनमा सहजता आएको छ बल बहादुर बिश्वकर्माको। बल बहादुर बिश्वकर्मा भेरी नगरपालिका १ पिपे निवासी हुन् र वडा स्तरीय शहिद स्मृती युवा क्लवका सदस्य पनि हुन्। उनले वि.सं २०७७ मंसिरमा युवाको सीप तथा क्षमता विकासका लागी चार दिने युवा उद्यमशिलता तालिम लिएका थिए।

उक्त तालिममा उद्यमी कसरी बन्ने ? श्रोत साधन कसरी जुटाउने ? फाईदा कसरी लिने भन्ने बारेमा ज्ञान सीप पाएपछि उनले तरकारी खेतीमै व्यवसायिक योजना तयार पारे। घरमा गएर पनि उनले आम्दानीका लागी तरकारी खेती गर्ने योजना बनाए र घर परिवारँग सरसल्लाह गरी तरकारी खेतीको सुरुवात गरे। तरकारी खेती गर्दा उनलाई केहि सामाग्रीको अभाव भयो। सहयोगका लागी सहकर्मी समाजको सुशासनमा नागरिक सहभागिता कार्यक्रममा निवेदन पेश गरे। आवश्यकता महशूस गरि कार्यक्रमबाट ग्रीन हाउस, स्प्रे टयाङ्की, कोदालाहरू, पाइप, ड्रम, तराजु, फिरफिरे आदी सामाग्री उपलव्ध भयो।

तालिम र सामाग्रीको सहयोगबाट उनलाई थप हौसला मिल्यो र २०७७ फागुनमा विभिन्न तरकारीका विउ खरिद् गरी वेर्ना उमारी चैत-वैशाखमा तरकारी खेती गरे। टमाटर, बन्दा, काउली, धनियाँ, प्याज, काँक्रा उत्पादन गरी घरघरमा लगेर वेचे। उनले दुई महिनामै रु. १५,००० आम्दानी गरे भने घरमा पनि तरकारीको अभाव भएन। बन्दाबन्दीले आर्थिक अभाव भएको वेला उनलाई घरखर्च चलाउन कुनै समस्या भएन। गत वर्ष भएको लामो बन्दाबन्दीमा घरखर्च चलाउन असाध्यै अप्ठेरो भएको तर यस वर्ष थोरै भएपनि राहत भएको खुसीको अनुभव उनकी आमा र भाई प्रेम वहादुर सुनाउँनुहुन्छ।

तरकारी खेती त गर्नु भयो तपाईलाई कस्तो लागेको छ त भन्ने प्रश्नमा वल वहादुर भन्छन "भन्न जती सजिलो छ काम गर्न त्यती सजिलो हुँदोरहेनछ। सिकेको कुरा व्यवहारमा उतार्न पनि सजिलो रहेनछ। तर मिहिनेत गरेर काम गरेमा सफलता भने अवश्य पाईदो रहेछ, जे होस् तरकारीबाट थोरै भए पनि फाईदा भयो। अब यसलाई जसरी पनि निरन्तरता दिन्छु। हामी समस्या मात्र देखाउने गर्थ्यौं तर गर्नैका लागी अवसर पनि पर्याप्त रहेछन्। आफ्नै स्थानीय स्रोत, वडा या पालीकामा पनि प्रशस्त स्रोतहरू हुदा रहेछन्। तर स्रोतको उचित उपयोग पनि नभएको कुरा आभास भएको छ। अब हाम्रो क्लबबाट यस्ता कुरामा पनि जोड दिन्छौं"। उनले आफ्नो बारीमा सिंचाईको पनि असुविधाका रहेको र त्यसका लागी वडा कार्यालयमा पनि प्रस्तावना पेश गर्ने योजना बनाएको कुरा जानकारी दिए।



Closing program of Provincial Good Governance Network formation conference 2021.



Community Facilitator during his group facilitation through code presentation in a group meeting in Kalikot.



Progress presentation during annual project review workshop.



Training on people centered development approach.



Group strengthening TOT training to project staff.



HRBA, Governance, Accountability and GESI Refresher Training.



Participants practicing context analysis tool during HRBA, Governance, Accountability and GESI Refresher Training.



Entrepreneurship Development Training For Youth.



Seven steps planning process trainings to group members.